दमक नगरपालिका

स्थानीय राजपत्र

बर्ष : १० **प्रमाणिकरण मिति : २०८३।३।२२**

संख्या : १ **प्रकाशन मिति : २०८३।३।३२**

भाग : १

२०८३ सालको ऐन : १

दमक नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन-२०८३

प्रस्तावना : दमक नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क, दस्तुर संकलन गर्ने, घटाउने, बढाउने, छूट दिने तथा राजश्व प्रशासन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दमक नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** १) यस ऐनको नाम "दमक नगरपालिकाको आर्थिक ऐन २०८३" रहेको छ।

२) यो ऐन २०८३ साल साउन १ गतेदेखि दमक नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

२. **सम्पत्ति कर :** दमक नगरपालिका क्षेत्र भित्र बनेका भौतिक संरचना र सो ले चर्चेको जग्गाको दोब्वर क्षेत्रफलसम्मको सम्पतिमा **अनुसूची-१** बमोजिम जग्गा र संरचनाको न्यूनतम मुल्यांकन दरमा नघट्ने गरी हुने मूल्यांकन रकममा **अनुसूची-२** मा तोके अनुसारको दरमा कर लगाई असुल उपर गरीने छ।

३. **भूमिकर (मालपोत) :** दफा २ बमोजिम सम्पति कर लाग्ने बाहेकका जग्गामा **अनुसूची-१** बमोजिम जग्गाको न्यूनतम मुल्यांकन दरमा **अनुसूची-३** मा तोके बमोजिम भूमिकर (मालपोत) लगाई असुल गरीने छ।

४. **घर वहालकरः** १) दमक नगरपालिका क्षेत्र भित्र स्थायी वा अस्थायी भौतिक संरचनाहरु भाडामा लगाउदा घर जग्गाधनि र भाडामा बस्ने बिच भएको वहाल सम्झौताको भाडा रकममा संस्थागत र व्यक्तिगत वहालको रकममा **अनुसूची -४** बमोजिम वहाल कर लगाई असुल गरीनेछ।

२) दमक नगरपालिकाले क्षेत्रगत भाडा मुल्याङ्कन दर निर्धारणका लागि यस बर्ष अध्ययन गरिनेछ।

स्पष्टीकरण*:* **संस्थागत व्यवसायिक बहालकर लागु हुने व्यवसायिक फर्महरु :** *संस्थागत बिद्यालय, बैक तथा बित्तिय संस्था, सहकारी, शैक्षिक तथा बैदेशिक शिक्षा कन्सलटेन्सीहरु, घरनक्शा डिजाइन संग सम्वन्धित कन्सलटेन्सीहरु, अन्तर्राष्टिय संघ संस्थाहरु, मेनपावर, निजी अस्पतालहरु, सरकारी कार्यालयहरु, डाइग्नोसिस सेन्टरहरु, स्वास्थ्य सेवा दिने फार्मेसी तथा क्लिनिकहरु, डेन्टल किल्निक, स्टार होटेल, होस्टेल, वीमा कम्पनी, कम्पनी*

ऐन अन्तर्गत दर्ता भएका प्रा लि, शेयर *कारोवार गर्ने, सेक्युरेटी कम्पनी, कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्रा लि,पार्टिप्यालेस, सवारी साधन शोरुम आदी।*

५. **वहाल विटौरी शुल्क :** १) दमक नगरपालिकाले हाट बजारका लागि निश्चित क्षेत्र निर्धारण गरी साप्ताहिक तथा दैनिक हाट बजार कर तोकिएको दररेटमा नगरपालिका ले असुल गर्नेछ।

२) नगरपालिकाको स्वामित्वमा रहेको जमिन भाडामा दिने सम्वन्धमा सम्वन्धित पक्ष वीच सम्झौता गरी प्रति वर्ग फिटको रू.१०।- का दरले बहाल बिटौरी शुल्क अशुल गरीने छ।

३) नगरपालिकाको स्वामित्वमा रहेको जमिन भाडामा लिने पक्षले सम्झौता बमोजिम प्रत्येक महिना आफुले भाडामा लिएको जमिनको बहाल बिटौरी शुल्क बुझाउनु पर्ने।

६. **पूर्वाधार सेवा उपयोग शुल्क:** १) दमक नगरपालिकाबाट निर्मित पूर्वाधारको उपयोग गरे वापत **अनुसूची-५** बमोजिम पूर्वाधार सेवा उपयोग शुल्क असुल गरीने छ।

२) नगरपालिका क्षेत्रभित्र सामान ढुवानी गर्ने ढुवानीका साधनहरु, भाडामा वा व्यवसायिक प्रयोजनमा प्रयोग हुने सवारी साधनहरु र नीजि बिद्यालयले सञ्चालन गरेका स्कुल बसमा पूर्वाधार सेवा उपयोगको वार्षिक शुल्क लगाई असुल गरीने छ । तर साना सवारी (टेम्पो र बिधुतिय रिक्सा) को हकमा दमकवासी भै आफु वा एकासंगोलको परिवार सदस्यको नाउँमा दर्ता भएको र आफै संचालन गरेको हकमा यो शुल्क लिईने छैन, यस्ता सवारी साधन पहिचानका लागी स्टीकर उपलब्ध गराईने छ।

३) पूर्वाधार सेवा उपयोग शुल्क बार्षिक एकमुष्ठ बुझाउन प्रोत्साहन गरीनेछ । यसरी रकम बुझाई सकेपछि नगरपालिकाबाट बार्षिक कर तिरेको संकेतका लागि स्टीकर उपलब्ध गराईने छ । निजी सवारी साधनको हकमा पहिचानका लागि तोकिएको शुल्क लिई बार्षिक स्टिकर उपलब्ध गराईनेछ।

४) उपदफा २ र ३ बमोजिम संकलन गर्ने वार्षिक शुल्क बुझाएको वा नबुझाएको अनुगमन गरीनेछ । पूर्वाधार सेवा उपयोग शुल्क संकलन केन्द्र तोकी नगरपालिकाले ठेक्का प्रक्रिया मार्फत असुल गर्न सकिनेछ।

७. **मनोरञ्जन कर :**१) प्रदेशको आर्थिक ऐनमा उल्लेख भए बमोजिम नगरपालिका क्षेत्र भित्र रहेका स्वीकृत चलचित्र घर, सास्कृतिक प्रदर्शन, थिएटर, संगीत स्थल, नाटक घर, फनपार्क, वाल उध्यान, वाटर पार्क, दोहोरी साँझ, जुम्वा, डान्सवार, हाटबजार, मेला, मनोरन्जन प्रदर्शन स्थल, जादू, सर्कस, चटकजस्ता मनोरन्जन व्यवसाय, जलाधार तालतलाउ क्रियाकलाप सेवा शुल्क प्रदेश कानुनले तोकेको दरमा मनोरन्जन कर लगाईने र असुल गरीने छ।

२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर वापतको रकम प्रदेश सरकारले तोके बमोजिमको रकम बाँडफाँट गरीनेछ।

८. **व्यवसाय कर** : दमक नगरपालिका क्षेत्र भित्र संचालन हुने व्यवसायहरूलाई व्यवसाय कर संकलन कार्यविधि अनुसार **अनुसूची-६** बमोजिम न्यूनतम, अधिकतम व्यवसाय कर र तिनको नविकरण दस्तुर लगाईने र असुल गरीने छ।

९. **बिज्ञापन कर** : नगरपालिका क्षेत्र भित्र राखिएका बिज्ञापन सामग्रीहरूमा प्रदेश कानून अनुसार **अनुसूची-७** बमोजिमको कर लगाई असुल गर्ने व्यवस्था मिलाइने छ ।

१०. **कृषि तथा पशुजन्य वस्तुको व्यवसायीक कारोवारमा लाग्ने कर (पशुहाट कर)** : दमक नगरपालिकामा रहेको पशुहाटमा कृषि तथा पशुपंक्षीमा आधारित व्यवसायिक कारोवारमा **अनुसूची-८** बमोजिम कर लगाईने र असुल गरीनेछ।

११. **जडीबुटी, कवाडी र जीवजन्तु कर :** १) कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, कवाडी माल प्रचलित कानूनले निषेधित गरेको वाहेकका जिवजन्तुको हाड, सिंग, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे वापत **अनुसूची-९** बमोजिम जडीबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असूल उपर गरीनेछ।

स्पष्टीकरण *: यस दफाको प्रयोजनका लागि कारोवार भन्नाले बिक्रेताले जारी गरेको बिल वा बीजक वा लेनदेन भएको जनिने प्रमाणलाई सम्झनु पर्दछ । नगरपालिकाले कर लगाउँदा कारोवार भएको परिमाणको आधारमा तोकिएको दर बमोजिम लगाउने छ।*

२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले फर्म व्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र बिधि समेत तोकि इजाजत दिईनेछ।

३) सम्बन्धित व्यवसायीले उपदफा (१) बमोजिमको कर चुक्ता गरेपछि वा छुट पूर्जि लिए पछि मात्र कारोवार स्थलवाट सामान बाहिर लैजान पाउनेछ। अन्यथा गरेको पाईएमा दण्डनीय हुनेछ।

४) उपदफा (१) बमोजिम लगाईएको कर निजि क्षेत्र मार्फत संकलन गर्न सकिने छ।

५) कवाडी संकलन तथा बिक्री बितरण गर्ने व्यवसाय दमक नगपालिकाले तोकेको स्थानमा गर्नु पर्नेछ वा व्यवयासीले निजी जग्गामा व्यवसाय गरेमा छिमेकी, सधियार तथा वातावरणीय असर पर्ने गरी सञ्चालन गर्न पाईने छैन। यस सम्बन्धमा उजुरी वा गुनासो आएमा स्थलगत जाचबुझ गरी नगरपालिकाले कारोवार बन्द गर्ने निर्देशन दिन सक्नेछ। त्यसरी तोकिएको समय सिमा भित्र बन्द वा स्थानान्तरण गर्नु पर्नेछ।

६) जिवजन्तु तथा जडिबुटी आदिमा लाग्ने कर असुलीका लागि कृषि उपज बजार सञ्चालक समितिसँग सहकार्य गर्न सकिनेछ।

७) नगरपालिकाले जिवजन्तु, जडिबुटी तथा कवाडी संकलनको क्षेत्र तोक्न सक्नेछ।

१२. **सरकारी सम्पतिको वहालबाट प्राप्त रकम** : १) नगरपालिकाले निर्माण, रेखदेख गरेका घर, टहरा वा अन्य सम्पतिहरू वहालमा दिईएका भाडावालावाट **अनुसूची-१०** बमोजिमको दरमा दस्तुर लगाई असुल गरीनेछ।

२) कार्यालय र वहालवाला विच भएको सम्झौतामा उल्लेख भएको शर्तहरूको हकमा यसै बमोजिम र उल्लेख नभएको शर्तहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

३) सम्पत्तिको वहालबाट प्राप्त रकम (भाडा) र यस सँग सम्वन्धित सम्झौता लगायतका प्रशासकीय कार्य नगर कार्यपालिकाबाट सम्पादन गरीनेछ।

४) नगरपालिकाको व्यवसायिक कोठामा बहालमा बस्ने बाहलवालाले चालु आ.ब. को सम्पूर्ण भाडा असोज मसान्त भित्र एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिइनेछ। नगरपालिकासँग भाडामा लिएर संचालन गरेको

व्यवसायीले भाडा बक्यौता रहेको अवस्थामा भाडा बुझाउन सात दिने सूचना तथा पत्राचार गर्ने र आठौ दिनमा भाडा नबुझाएको पाईए सो व्यवसाय सिलबन्दी गरीने छ।

१३. **न्यायिक दस्तुर :** न्यायिक समितिबाट सम्पादन भए गरेका काममा लाग्ने शुल्क तथा दस्तुरहरू **अनुसूची-११** बमोजिम दस्तुर लगाई असुल गरीने छ।

१४. **पार्किङ सेवा शुल्क :** १) दमक नगर कार्यपालिकाले तोकेको पार्किङ क्षेत्रमा सवारी पार्किङ गर्दा **अनुसूची-१२** बमोजिमको शुल्क लगाईने र असुल गरीनेछ।

२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको पार्किङ्ग स्थलमा स्टेण्ड लगाउने वा पार्किङ्ग गर्ने सार्वजनिक यातायातका सवारी साधनहरूमा पार्किङ्ग सुविधा उपलब्ध गराए वापत यो शुल्क अशुल गरीनेछ।

३) सवारी पार्किङ्ग शुल्क दैनिक रूपमा असुली गरीनेछ।

४) दमक बाहिरवाट आउने बिभिन्न धार्मिक, सास्कृतिक, पर्यटकीय वा यस्तै प्रकारका कार्यक्रममा आउने यात्रु वाहक सवारी साधनहरूमा पार्किङ्ग शुल्क छुट गरीएको छ।

१५. **नक्सापास दस्तुर :** दमक नगरपालिकाले नक्सापास गर्दा **अनुसूची -१३** बमोजिम दस्तुर लगाईने र असुल गरीने छ।

१६. **अन्य राजश्व तथा सिफारिस दस्तुर** : दमक नगरपालिकाले सिफारिस गर्दा **अनुसूची -१४** बमोजिम दस्तुर लगाईने र असुल गरीने छ।

१७. **व्यक्तिगत घटना दर्ता दस्तुर :** व्यक्तिगत घटना दर्ता गर्दा घटना घटेको ३५ दिन भित्र दर्ता गर्न आएमा घटनाको नि:शुल्क दर्ता गरीने छ। जरिवानाकोहकमा तोकिए बमोजिम हुने छ।

१८. **नाता प्रमाणित दस्तुर :** नाता प्रमाणित गर्दा **अनुसूची -१५** बमोजिम दस्तुर लगाईने र असुल गरीने छ।

१९. **प्रशासनिक दण्ड, जरिवाना र जफत :** नगरपालिकाको निर्णयवाट भएका दण्ड, जरिवाना र जफत दमक नगरपालिकाको राजश्व संकलन तथा परिचालन

गर्न बनेको ऐन २०८० को परिच्छेद-८ बमोजिम असुल गरीने छ । अन्यको हकमा तपसिल बमोजिम असुल गरीनेछ ।

तपसिल

क. घर संरचना निर्माण इजाजत लिएर वा नलिई निर्माणका सम्वन्धमा थप बुझ्न नगरपालिकाले समयसिमा तोकि पत्राचार गरेको अवस्थामा दोस्रो पटक समेत पत्रको अवज्ञा गरी वा अटेर गरेमा नगरपालिकाले उक्त घरधनी लाई रु. पांच हजार रुपैया देखि रु. पाच लाख सम्म जरिवाना गर्न सक्नेछ ।

ख. घर संरचना निर्माणका क्रममा निर्माण सामग्री, ढुवानीका साधनहरु सार्वजनिक बाटो, सार्वजनिक यातायात र आवागमन लाई बाधा पुग्ने गरी राखेमा र हटाउन अटेर गरेमा नगरपालिकाले रु. पाच हजार रुपैया देखि रु. एक लाख सम्म जरिवाना साथै सामग्री जफत गर्न सक्नेछ ।

ग. सडक तथा सार्वजनीक स्थलहरुमा पशुचौपाया छाडा छोडेको पाईएमा नगरपालिकाले छाडा पशुचौपाया नियन्त्रणमा लिई लिलाम बिक्री साथै रु. पांचसय रुपैया देखि रु. बिसहजार सम्म जरिवानागर्न सक्नेछ ।

घ. दमक नगरपालिकाले निषेध गरेको क्षेत्रमा सवारी साधन पार्किङ. गरेको पाईएमा नगर प्रहरीसमेत परिचालन गरि साईकल,मोटरसाईकल स्कुटर (दुइ चक्के) सवारी साधनहरुलाइ आवश्यकता अनुसार ह्विललक समेत लगाई रु. एक सय रुपैया देखि रु. पांच सय रुपैया सम्म, सिटी सफारी, टेम्पो (तिन चक्के) सवारी साधनलाई रु. दुइसय रुपैया देखि पांचसय रुपैया सम्म र चारचक्के वा सो भन्दा माथिको सवारी साधनलाई रु. पांचसय देखि रु. पांचहजार सम्म जरिवाना गर्न सक्नेछ ।

ङ. नगर क्षेत्रमा फोहोर फ्याक्न निषेध गरेको स्थानमा, र जथाभावी फोहोर फ्याकी वा प्लाष्टीकजन्य फोहोर जलाउने, बाल्ने गरी बातावरण प्रदुषण गर्ने गरेको पाईएमा नगरपालिकाले रु. एक हजार देखि रु. पचास हजार सम्म जरिवाना गर्न सक्नेछ ।

च. दमकको शहरी क्षेत्र भित्र पशुपंक्षी पालन गरी टोल छिमेकमा असर पुर्याएमा नगरपालिकाले आवश्यक जांचबुझ गरी उल्लेखित अवस्था देखिएमा वा पाईएमा रु. एक हजार देखि रु. पचास हजार सम्म जरिवाना गर्न सक्नेछ ।

छ. दमक नगरपालिकाको र अन्य सरकारी संघसंस्थाको स्वामित्वमा रहेको पसल कवल सटर भाडामा लिने सम्वन्धित व्याक्तिले आफै उक्त स्थानमा व्यवसाय गर्नु पर्नेछ । सम्वन्धित व्यक्तिले व्यवसाय नगरी अन्य व्यक्तिलाई दिएमा नगरपालिकाको सहमती लिनुपर्नेछ सो नभए सम्झौता भंग गरीने छ । भाडामा बस्ने तथा व्यवसाय गर्नेले समयमा भाडा, बिजुली पानीको महशुल नतिरेमा समेत सम्झौता भंग गरी बहाल बाट हटाईनेछ ।

ज. बहालमा रहनेले पसल कोठाको सामान्य मर्मत कार्य नगरेमा वा गर्न जानकारी गराउदा समेत अटेर गरी संरचनामा क्षती भए नगरपालिकाले पसल कोठा खाली गराई मासिक भाडा अशुल गरी भाडाको थप दश प्रतिशत देखि पचास प्रतिशत सम्म जरिवाना लिन सक्नेछ । भाडा नतिर्ने व्यवसायीलाई ७ दिने सार्वजनिक सूचना प्रवाह गर्दै बक्यौता कायम गरी तुरुन्तै व्यवसाय बन्द गरिने छ ।

झ. खोलानालामा शौचालय तथा सेप्टी ट्याङकीको फोहोर मिसाउन पाइने छैन । मिसाएको भेटिएमा त्यस्तो व्यक्ति तथा परिवार बाट रु. पाँचहजार देखी रु. पचास हजार सम्म जरिवाना लिन सकिनेछ ।

ञ. नगरपालिकामा उद्योग तथा व्यवसाय दर्ता नगरी संचालन गरेको पाईए प्रथम पटक दर्ता प्रकृयाका लागि पन्ध्र दिने सूचना जारी गरीने छ । सो अवधिमा समेत दर्ता प्रकृयामा नआउने व्यवसायीको उद्योग तथा पसल सटर बन्द गरिनेछ ।

ट. दमक नगरपालिकामा घर संरचना निर्माण गर्दा नगरपालिकाले तोकेको मापदण्ड भन्दा बिपरित सेटव्याक छोडी घर निर्माण गरेमा सम्वन्धित प्राविधिक, निर्माण व्यवसायी तथा घरधनीलाई जनही रु ५ हजार देखी ५० हजार सम्म जरिवाना साथै निर्माण व्यवसायीको ६ महिनाका लागि निर्माण ईजाजतलाई कालोसूचीमा राख्ने र सम्बन्धित प्राविधिकलाई विभागिय कारवाही समेत गरीनेछ ।

ठ. नगरपालिका तथा वडा कार्यालयसंग लागत साझेदारीमा कार्य गर्ने निर्णय तथा सम्झौता भई कुनै व्यक्ति बाट तोकिएको लागत सहभागिता रकम नबुझाएमा नगरपालिका तथा वडा कार्यालयले प्रदान गर्ने सेवा बाट बन्चित गरीनेछ ।

ड. दमक नगरपालिका खुल्ला दिसामुक्त नगरपालिका घोषणा भैसकेको हुदाँ खुला स्थानमा शौच गरेको पाईएमा रु. पाच सयसम्म जरिवाना गरीनेछ।

ढ. दमक नगरपालिका खुल्ला दिसामुक्त नगरपालिका घोषणा भैसकेको हुदाँ घरपालुवा कुकुरलाई सडकमा शौच गराएको पाईएमा पटकै पिच्छे रु. पाँच सय सम्म जरिवाना गरीनेछ।

ण. ३५ दिन पछि घटना दर्ता गराएमा रु दुई सय जरिवाना गरिनेछ।

२०. **सवारी साधन कर (साना सवारी) :** ई-रिक्सा जस्ता सवारी साधनहरुको दर्ता तथा नविकरणका लागि कोशीप्रदेश सरकारसँग समन्वय गरी आवश्यक व्यवस्था गरीनेछ।

२१. **मर्मत संभार शुल्क :** नगरपालिका भित्रका सडक र संरचनाहरूको मर्मत सुधार गर्न सम्पत्ति कर र मालपोत अशुली गर्दा सम्पत्ति कर र मालपोतको दरमा १० प्रतिशतले हुने रकम जोडी मर्मत संभार शुल्क लगाई अशुल गरीने छ।

२२. **सेवा शुल्क :** दमक नगरपालिकाबाट उपलब्ध हुने शव वाहन, एम्वुलेन्स, सफाई बुर्मर, घुम्ती शौचालय, ब्याकोलोडर, पानीटंकी, ट्रिपर, ट्याक्टर, घरमुल्याड.कन, भेटिनरी सेवा क्रमशः **अनुसूची- १७ (क) (ख) र (ग) (घ) (ड.)** बमोजिम शुल्क लगाई असुल गरीने छ।

२३. **घ वर्ग निर्माण ईजाजत : घ वर्गको निर्माण व्यवसायी ईजाजत सम्वन्धी कार्यविधि, २०७५** बमोजिम घ वर्गको निर्माण ईजाजत, नविकरणका लागि **अनुसूची- १८** बमोजिम दस्तुर लिई ईजाजत दिईने छ।

२४. **हाटकर :** नगरपालिकाले तोकेको स्थानमा संचालन हुने ठेला तथा साना अस्थायी प्रकृतिका व्यवसायहरूलाई दैनिक रु. २० देखि १०० सम्मका दरले हाटकर संकलन गरीने छ। यस्ता व्यवसायीहरूले व्यवसाय रजिष्ट्रेशन गरेर मात्र व्यवसाय संचालन गर्न पाउने छन।

२५. **रजिष्ट्रेशन शुल्क :** सबै किसिमका व्यवसायीहरूलाई व्यवसाय दर्ता (रजिष्ट्रेशन) गर्न रू.२००।- लिई असुल गरीनेछ।

२६. अन्य कर, दस्तुर र सेवा शुल्क : १) दमक नगरपालिकाबाट प्रयोगशाला विश्लेषण सेवा प्राप्त गर्नका लागि परिक्षण दस्तुर **अनुसूची- १९** बमोजिम असुल गरीनेछ।

२) माथि उल्लेखित वाहेकका र यसमा समावेश नभएका अन्य कर, दस्तुर र सेवा शुल्कहरू सम्वन्धित कानून, नियम, कार्यविधि, आदेशमा उल्लेख भए बमोजिम र उल्लेख नभएका वाहेक औचित्य र प्रकृतिका आधारमा अध्ययन गरी राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले सो को राजश्व निर्धारण गर्नेछ।

२७. दण्ड जरिवाना : १) चालु आर्थिक बर्षमा यस नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति, संस्था वा निकायले स्थानीय तहको कानून उल्लंघन गरेको पाईएमा दमक नगरपालिकाले दण्ड जरिवाना गर्न सक्नेछ।

२) यस ऐनको उल्लंघन वापत हुने दण्ड र जरिवानाको व्यवस्था यसै ऐनमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा संघीय र प्रदेश कानून बमोजिम हुनेछ।

३) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

२८. छुट सम्वन्धी व्यवस्था : १) एकल महिला, अपाङ्गता परिचय पत्र क बर्गको हकमा एकापरिवारको नाममा साथै ,ख,ग वर्गको परिचयपत्र प्राप्त गरेको हकमा र लैगिक अल्पसंख्यकका नाउँमा व्यवसाय दर्ता भएमा दर्ता भएको वखत एक पटक लाइ व्यवसाय करमा छुट दिईने छ।

२) कृषि तथा पशुपंक्षीजन्य व्यवसाय र वैदेशिक रोजगारवाट फर्केको ३ वर्ष भित्र नगरवासीहरुले संचालन गर्ने व्यवसायमा व्यवसाय दर्ता गर्दा २५% छुट दिईने छ साथै कृषि तथा पशुपंक्षीजन्य व्यवसायका लागि निर्माण गरीने खोर, सेड र पर्यटन प्रवर्धन हुने किसिमका व्यवसायको संरचना निर्माण गर्दा लाग्ने नक्सापास दस्तुरमा २५% छुट दिईने छ।

३) नगरपालिकाले बिभिन्न पक्षहरूसँग गरेका सम्झौताहरू, पारित गरेका ऐन, कानून, कार्यविधिहरूमा छुट गर्ने भनि उल्लेख गरेको बिषयहरूमा सोही बमोजिम छुट दिईने छ।

४) दमक १० मा निर्माणधिन नेपाल चाईना फ्रेण्डसिप ईण्डष्ट्रियल पार्क निर्माण भई संचालनमा आएको १० वर्ष सम्मका लागि स्थानीय कर छुट दिइनेछ।

५) दमक क्षेत्र भित्र संचालन गर्ने गरी स्थापना हुने ठूला उद्योग, पर्यटन प्रवर्धन हुने गरी स्थापना हुने पर्यटकीय व्यवसायहरु दर्ता गर्दाका वखत लाग्ने व्यवसाय करमा २५ प्रतिशत छुट दिईने छ।

६) सम्पत्तिकर, मालपोत र व्यवसाय कर चालु आर्थिक बर्षको पौष मसान्त भित्र बुझाउदा १०% छुट दिईने छ।

लामो समयदेखि व्यवसाय कर बक्यौता रहेको र हाल बन्द रहेको अवस्था भएमा वडा कार्यालयबाट आवश्यक जाँचबुझ गरि व्यवसाय बन्द भईसकेको भएमात्र चालु आ.व. को पौष मसान्त भित्र बुझाउदा पछिल्लो ३ आर्थिक बर्षको व्यवसाय कर लिई सो मा लाग्ने जरिवाना र बाँकी अवधिको व्यवसाय कर मिनाहा गरीने छ।

७) २०८३ साल पौष मसान्तसम्म आर्थिक वर्ष २०७९।०८० सम्मको व्यवसाय करको बक्यौता बुझाउने करदातालाई लाग्ने सबै जरिवाना छुट दिईनेछ।

८) बैदेशिक अध्ययनमा जाने बिद्यार्थीहरूलाई सम्पत्ति मुल्यांकन दस्तुरमा ७५ प्रतिशत छुट दिईने छ।

९) आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रममा समावेश गरीएका राजश्व सम्वन्धी छुटहरू सोही बमोजिम गरीने छ।

१०) विपन्न महिला उद्यमी समुह तथा नगरपालिकाको विशेष कार्यक्रम अन्तरगत गठन भएका उद्यमी महिला समूहलाई व्यवसाय दर्ता गर्दाका वखत लाग्ने व्यवसाय करमा छुट गरीनेछ।

११) सामाजिक सुरक्षा कार्यक्रम, छात्रवृत्ती, आर्थिक सहायता, अपांगता, स्वास्थ्य उपचारसँग सम्वन्धित तथा अपाङ्गता प्रयोजनका लागि निवेदन दर्ता तथा सिफारिसमा कुनै दस्तुर लाग्ने छैन।

१२) दमकका महिलाले उद्यम गर्न चाहेमा व्यवसाय दर्ता गर्दा ८० प्रतिशत व्यवसाय कर छुट दिईने छ।

१३) अपाङ्गता भएका क र ख बर्गका र गर्भवती महिलाको प्रसुतीका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ।

१४) नगरपालिका क्षेत्र भित्रका स्थानीय उद्योगहरुमा कम्तीमा २५ जना स्थानीय नगरवासीहरुलाई रोजगार दिईएको प्रमाणका आधारमा व्यवसाय नविकरणका वखत २५ प्रतिशत छुट दिईने छ।

१५) निम्न बमोजिमको अवस्थामा सम्पत्ति तथा मालपोत कर लाग्ने छैन

क) नेपाल सरकार, प्रदेश सरकार र दमक नगरपालिकाको स्वामित्वमा रहेका घर र जग्गा,

ख) सरकारी अस्पतालको घर र जग्गा,

ग) सरकारी गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

घ) मुनाफाको उद्देश्य नराखी संचालन गरीएका सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड, सरकारी संस्थानको घर र घरजग्गा,

ङ) मुनाफाको उद्देश्य नराखी संचालन भएका सरकारी संघ संस्थाको घर र घरजग्गा,

च) धार्मिक संस्था (मन्दिर, गुम्वा, चर्च, मस्जिद आदि), मुनाफाको उद्देश्य नराखी स्थापना भएका योग केन्द्रको घर र जग्गा,

छ) खानेपानी संकलन पोखरी, मसानघाट, आदीको जग्गामा सम्पत्ति कर नलाग्ने व्यहोरा जनाई रसिद उपलब्ध गराईनेछ।

१६) भाडामा घरजग्गा बहाल लगाउदा र लिदा कम्तीमा तिन महिना अवधिको बहाल कर भुक्तानी गर्नु पर्नेछ । बाकी अवधि बहाल नलिएको अवस्थामा सम्बन्धीत घरजग्गा धनिले समयमानै सम्बन्धीत वडामा आवेदन दिएमा वडाले स्थलगत अध्ययन प्रतिवेदन तथा निर्णयका आधारमा लगतकट्टा गर्न सक्ने छ।

१७) अन्य निकायबाट चार वर्ष अघि देखिनै इजाजत तथा अनुमति लिएका व्यवसायिक फर्म तथा कम्पनीहरुले दमक नगरपालिकामा चालु

आ.ब.को पौष मसान्त भित्र दर्ता प्रक्रियामा आए पछिल्लो तिन वर्षको मात्र व्यवसाय कर लिई त्यसमा लाग्ने सम्पूर्ण जरिवाना मिनाहा गरीने छ।

२९. जरिवाना सम्वन्धी व्यवस्था : १) व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाईएमा व्यवसाय करको २० प्रतिशत जरिवाना जोडी असुल गरीनेछ।

२) व्यवसाय कर बुझाउन बाँकी रहेको हकमा अघिल्लो आ.व.को बक्यौता भए १५ प्रतिशत, सो भन्दा बढि आ.व.को भए प्रति आर्थिक बर्ष १० प्रतिशत थप गरी २५ प्रतिशतसम्म जरिवाना असुल गरीनेछ।

३) दमक नगरपालिकामा व्यवसाय दर्ता नगरी संचालनमा रहेको हकमा सात दिने सूचना तथा पत्राचार गर्ने र आठौ दिनमा दर्ता नगरेको पाईए सो व्यवसाय सिलबन्दी गरीने छ।

३०. क्षेत्र निर्धारण : नगरपालिकाले लिने राजश्व प्रयोजनका लागि वडा नं. १, वडा नं. २ को हि.मा.वि. उत्तर पाङ्गमी चौक सम्म, पाङ्गमी चोकदेखि पश्चिम हुदै पुरानो २ नं. वडा कार्यालय जाने वाटो र पीच सडकले छोएका सबै क्षेत्र, वडा नं. ३ को बेलडागी बजार, अन्य पीच सडकले छोएको क्षेत्र, वडा नं. ४ को साविक वडा नं. ९ सबै र लोकमार्ग र अन्य पिच सड्कले छोएको क्षेत्र, वडा नं. ५, वडा नं. ६, वडा नं. ७, वडा नं. ८ सबै र वडा नं. ९ मा चन्द्रमा चौक देखि पाणिनी स्कुल उत्तर दक्षिण र अन्य पीच सडकले छोएको जग्गा र वडा नं ९ र १० का पिच सड्कले छोएको क्षेत्रलाई शहरी क्षेत्र र बाँकी अन्यलाई ग्रामिण क्षेत्र निर्धारण गरीएको छ।

३१. अन्य व्यवस्था : १) नगरपालिकाका शाखा, उपशाखा, वडाकार्यालय तथा अन्य कार्यालयबाट सेवाप्रवाह गर्दा सेवाग्राहीले नगरपालिकालाई तिर्नु वा बुझाउनु पर्ने कर, शुल्क, दस्तुर, महसुल तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ। गलत मनसाय राखी कर चुक्ता नगराई सेवा प्रवाह गरेमा त्यस्तो कार्यमा संलग्न कर्मचारी कारवाहीको भागिदार हुनेछ।

प्रष्टिकरण : *कर चुक्ता भन्नाले चालु आर्थिक बर्षको असोज मसान्तसम्मको हकमा गत आर्थिक बर्षसम्मको कर बुझाएको र सो पश्चात चालू आर्थिक बर्षसम्म लाग्ने कर समेत बुझाएको भन्ने सम्झनु पर्दछ। तर नागरीकताको सिफारिस*

तथा व्यक्तिगत घटना दर्ता गर्दा कर बुझाउने प्रतिवद्धतापत्र लिई सेवा प्रवाह गर्न भने बाधा पुगेको मानिने छैन ।

२) सामाजिक उत्तरदायित्व वहन अन्तर्गत दमक नगरपालिका क्षेत्र भित्र बिभिन्न सेवा प्रदायकहरू नेपाल टेलिकम, नेपाल बिधुत प्राधिकरण वा यस्तै अन्य सेवा प्रदान गर्नेहरूवाट जस्तैः बिद्युत, टेलिफोन आदिका पोल तथा क्याविनेट, ट्रान्सफरमर, केवुल विस्तार गर्ने ईन्टरनेट प्रदायक संस्थाले राखेको पोल बक्स जस्ता सामग्री राख्न प्रयोग गरीएको जग्गामा सेवा शुल्क लगाई असुल गरीने छ । यस बमोजिम लाग्ने सेवा शुल्क **अनुसूची-२०** बमोजिम हुनेछ ।

३) सम्पत्ति कर, भूमिकर (मालपोत), व्यवसाय कर जस्ता सम्पत्तिको नगरपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क आवश्य कागजपत्र र प्रमाणको आधारमा करदाताले बुझाउनु पर्नेछ । करदाताले कर बुझाउन आउँदा दिएको बिवरणको आधारमा मात्र राजश्व असुली हुने हुँदा निजले दिएको सूचना प्रति करदाता स्वयं जिम्मेवार हुनु पर्नेछ

४) व्यवसाय नामसारी दस्तुर व्यवसाय करको २५% नामसारी वापत लाग्ने छ। तर मृतकबाट हुने नामसारी दस्तुर रु.५००।– मात्र हुनेछ ।

५) कुनै व्यवसायको प्रचार प्रसार र प्रमोशन गर्ने उद्देश्यले कुनै चोक वा सार्वजनिक स्थलमा अनुमति लिई छोटो अवधिको लागि (बढिमा ७ दिन सम्म) ईजाजत वा अनुमति दिन सकिने छ । यसरी अनुमति दिदा दैनिक रु.२,०००।– ईजाजत दस्तुर वापत लिईने छ ।

६.स्वास्थ्य उपचारसंग सम्बन्धित क्लिनिक, ल्याव, अस्पताल वा नर्सिङहोम जस्ता व्यवसाय दर्ता र स्थापना गर्दा सम्वन्धित वडाको सिफारिसमा स्वास्थ्य शाखाको सिफारिस लिएर मात्र व्यवसाय दर्ता गरीनेछ ।

७. दमक नगरपालिकामा स्थायी बसोवास भएका मजदुरहरुको भलाइका लागि कोष स्थापना गर्न इ– रिक्सा नविकरणमा बार्षिक रुपमा अशुल हुने शुल्क मध्येबाट ४० प्रतिशत रकम भलाइ कोषमा जम्मागर्ने ।

८. व्यवसाय दर्ता नगरी बाह्य देश बाट श्रम सामाग्रीले छोटो समयमा अस्थायी प्रकृतिको टेन्ट तथा डेकोरेशन, बिबाह ब्रतबन्ध, पुराण महोत्सव आदीमा कार्य गरि श्रमपुंजी बाह्य जाने प्रकूतीको व्यवसायिक कार्य लाइ कार्य सम्झौताको ५ प्रतिशत राजश्व अशुल गर्ने।

३२. **प्रक्रिया सरलीकरण र बाधा अड्काउ फुकाउ गर्न सक्ने :** प्रचलित कर सम्वन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ती र व्यवस्थामा गम्भिर खलल पुगेका वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लेखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था वा तत्काल समाधान नहुने कुनै प्राविधिक समस्या सृजना भएमा अथवा जटिलता देखिएमा वा उल्लेखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा दमक नगर कार्यपालिकाले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

३३. **नियम, कार्यविधि वा निर्देशिका बनाउन सक्ने :** ऐनको उद्देश्य कार्यान्वयनका लागि आवश्यक नियम, कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

३४. **सहयोग गर्नुपर्ने :**संघीय तथा प्रदेश सरकारका कार्यालयहरूले दमक नगरपालिकाको राजश्व असुलीकार्यमा आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेछ।

३५. **खारेजी र बचाउ :** चालु आ.ब. २०८२।०८३ मा कार्यपालिकाको निर्णय अनुसार व्यवसाय बन्द, दर्ता लगायतमा भएका निर्णयलाई आर्थिक ऐन २०८२ बमोजिम भएको मानी उल्लेखीत निर्णयावधीलाई २०८३ असार मसान्तसम्म कायम गर्ने र आर्थिक ऐन २०८३ ले आर्थिक ऐन २०८२ लाई खारेज गरेको छ।

अनुसूची -१
दफा (२) सगँ सम्बन्धित
जग्गाको न्यूनतम मुल्याङ्कन दर

वडा नं.	विवरण		प्रस्तावित मुल्यांकन दर
१	क.सं.	**सावि‍क वार्ड नं. १**	**प्रति कट्ठा रु.**
	क.	**व्यापारिक क्षेत्र**	
	१	दमक न.पा. चौक देखी फाल्गूनन्द चोक,भानु चोक, चुलाचुली वोडिङ्ग सम्मका दायाँ वायाँका जग्गाहरु	३१५००००
	२	चुलाचुली वोडिङ्ग देखी हवल्दार चौक दायां वायांका जग्गाहरु	२६२५०००
	३	रवी स्टेण्ड र आसपासका पक्की सडकले छोएका जग्गाहरु	१७८५०००
	ख	**आवास क्षेत्र**	
	१	भानु चौक देखी हि.मा.बि. सम्म र टेलिकम अफिस देखि सतासी मार्ग जाने सडकले छोएका जग्गाहरु	१५७५०००
	२	हि.मा.वि. देखी पाङ्गमी चौक सम्म जाने सडकले छोएका जग्गाहरु	८४०००
	३	हवल्दार चौक देखी भाङ्गवारी स्कुल सम्म पक्की सडकले छोएका जग्गाहरु	१४७००००
	४	न.पा. चौकवाट टेलिकम हुदै पक्की कल्भट सम्मको दायां वांयाका जग्गाहरु	१४७००००
	५	टेलिकम अफिस पूर्व पक्की कल्भट देखी रिङ्गरोड सम्मका जग्गाहरु	९४५०००
	६	माथि उल्लेखित वाहेक पक्की वाटोले छुने जग्गाहरु	८९२५००
	७	माथि उल्लेखित वाहेका ग्रावेल वाटोले छुने जग्गाहरु	५२५०००
	८	हवल्दार चौकदखि आखा अस्पतालसम्मको दांया वांयाका जग्गाहरु	५२५०००
	ग.	**कृषि क्षेत्र**	
	१	भाङ्गवारी स्कुल - पाङ्गनी चौक कच्ची वाटोले छुने दायां वायांका जग्गाहरु	६३००००
	२	माथि उल्लेखित बाहेकका कच्ची वाटोले छुने जग्गाहरु	३१५०००

	३	माथि उल्लेखित बाहेकका वाटोले नछुने खेती योग्य जग्गाहरु	२१००००
	घ	**बगर क्षेत्र**	
	१	खोलाधार सामान्य खेती हुने क्षेत्रका जग्गाहरु	१०५०००
	२	पुर्ण रुपमा खोला भएका क्षेत्रका जग्गाहरु	५२५००
२		**सार्विक वार्ड नं. २**	**प्रति कट्ठा रु.**
	क	**आवासीय क्षेत्र**	
	१	श्रेष्ठ चौक हुदै हि.मा.वि. स्कुल हुदै नयां आम्दा अस्पताल सम्म पक्की सडकले छुने जग्गाहरु	१३६५०००
	२	गुम्वा चौक उत्तर हिमावि ढुकुरपानी सडक सम्मको जग्गा	१३६५०००
	३	जिराईत परिवर्तन चौक हुदै पाङ्गमी चौकसम्मका जग्गाहरु	१३६५०००
	४	अरनीको चोक उत्तर हिमावि सम्म बिहानी मार्ग	१३६५०००
	५	श्रेष्ठ चौक हुदै नयां आम्दा चौक सम्मका जग्गाहरु	८४००००
	६	माथि उल्लेखित बाहेकका अन्य पक्की वाटोले छुने जग्गाहरु	८४००००
	७	हि.मा.वि. पछाडी वाट तारावारी डिपु जोडने सडकले छुने जग्गाहरु	८४००००
	८	हि.मा.वि. देखी पाङ्गमी चौक दांया वांयाका जग्गाहरु	८४००००
	ख	**कृषि क्षेत्र**	
	१	जिराईत चौक देखी २ र ४ को सिमाना सम्म दांयां वांयाका जग्गाहरु	५२५०००
	२	आम्दा चौकदेखी २,९ र ४ नं.को सिमानासम्म र माथि उल्लेखित बाहेकका अन्य ग्राभेल सडकले छोएका जग्गाहरु	५२५०००
	३	माथि उल्लेखित बाहेक अन्य कच्ची सडकले छुने जग्गाहरु	३१५०००
	४	माथि उल्लेखित बाहेकका अन्य खेती योग्य जग्गाहरु	२१००००
		सार्विक वार्ड नं. ३	**प्रति कट्ठा रु.**
	क	**आवासीय क्षेत्र**	
	१	दमक बेलडाँगी पक्की बाटोले छुने जग्गाहरु	८४००००
	२	माथि उल्लेखित बाहेकका अन्य ग्राभेल सडकले छुने जग्गाहरु	५२५०००
	ख	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका अन्य कच्ची सडकले छुने जग्गाहरु	३१५०००

	२	माथि उल्लेखित बाहेकका खेती योग्य जग्गाहरु	१५७५००
	ग	**बगर क्षेत्र**	
	१	खोलाधार बगर क्षेत्रका जग्गाहरु	६३०००
	२	पूर्ण रुपमा खोला भएके जग्गाहरु	३१५००
		सविक वार्ड नं. ४	**प्रति कट्ठा रु.**
	क	**आवसीय क्षेत्र**	
	१	खजुरगाछी मधुमल्ला, अडियामल-मदनआश्रीत चोक, हि.मा.वि. ढुकुरपानी, तारावारी डिपु सडकले छुने जग्गाहरु	७३५०००
	२	माथी उल्लेखित बाहेक अन्य ग्राभेल सडकहरुले छुने जग्गाहरु	२६२५००
	३	माथि उल्लेखित बाहेकका अन्य कच्ची सडकले छुने जग्गाहरु	२१००००
	ख	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका सडकले नछुने खेती योग्य जग्गाहरु	१०५०००
३		**सविक वार्ड नं. ५**	**प्रति कट्ठा रु.**
	क	**व्यापारीक क्षेत्र**	
	१	दमक बेलडाँगी पक्की सडकले छुने जग्गाहरु	७३५०००
	ख	**आवासीय क्षेत्र**	
	१	आमचोक उत्तर कृष्ण मन्दीर बेलडाँगी ग्राभेल सडकले छुने जग्गाहरु	४२००००
	२	मधुमल्ला हिमावि सडक कालोपत्रे	४२००००
	३	कच्ची सडकले छुने जग्गाहरु	४२००००
	४	भालुखुडी बेलडाँगी सडकले छुने जग्गाहरु	२६२५००
	५	माथि उल्लेखित बाहेकका अन्य ग्राभेल सककले छुने जग्गाहरु	२१००००
	ग	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका अन्य कच्ची सककले छुने जग्गाहरु	१५७५००
	२	माथि उल्लेखित बाहेकका अन्य खेती योग्य जग्गाहरु	१०५०००
	घ	**बगर क्षेत्र**	
	१	खालाधार सामान्य खेती हुने जग्गाहरु	३१५००

दमक नगरपालिका

	२	बगर क्षेत्रका जग्गाहरु	२१०००
		सविक वार्ड नं. ६	**प्रति कट्ठा रु.**
	क	**आवसीय क्षेत्र**	
	१	कृष्णमन्दिर वेलडागी सडकले छुने जग्गाहरु	५२५०००
	२	पानीघट्टा गोलाटार शान्तीचौक ढुकुरपानी कालोपत्रे सडक	५२५०००
	३	माथी उल्लेखित बाहेकका ग्राभेल सडकले छुने जग्गाहरु	३१५०००
	ख	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका कच्ची सडकले छुने सबै जग्गाहरु	१५७५००
	२	माथि उल्लेखित बाहेकका सडकले नछुने खेती योग्य जग्गाहरु	१०५०००
		सविक वार्ड नं. ७	**प्रति कट्ठा रु.**
	क	**आवसीय क्षेत्र**	
	१	तारावारी डिपु हुदै गोलाटार चोक सम्मको सडकले छुने जग्गाहरु	३१५०००
	२	तारावारी डिपु गोलाटार मिलन चौक सडक	३१५०००
	३	रिङ्गरोड	३१५०००
	४	माथि उल्लेखित बाहेकका रीडरोड र अन्य ग्राभेल सडकले छुने जग्गाहरु	१५७५००
	ख	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका कच्ची सडकले छुने जग्गाहरु	१०५०००
	२	माथि उल्लेखित बाहेकका सडकले नछुने खेती योग्य जग्गाहरु	७८७५०
	ग	**बगर क्षेत्र**	
	१	खोलाधार सामान्य खेती योग्य जग्गाहरु	३६७५०
	२	पूर्ण रुपले बालुवा भएका जग्गाहरु	२१०००
		सविक वार्ड नं. ८	**प्रति कट्ठा रु.**
	क	**व्यापारिक क्षेत्र**	
४	१	लोकमार्ग कृष्ण मन्दीर चौक देखी मावा पुल सम्मका जग्गाहरु	२१०००००
	ख	**आवसीय क्षेत्र**	
	१	लोकमार्ग दाहाल प्रतिष्ठान जाने सडक देखी कृष्ण मन्दीर	१३६५०००

		चौक सम्मका जग्गाहरु	
	२	पक्की सडकले छुने दाया वायाका जग्गाहरु	६३००००
	३	तारावारी डिपु, कृष्णमन्दिर र बेलडागी ग्राभेल सडकले छुने जग्गाहरु	४२००००
	४	माथि उल्लेखित बाहेकका अन्य ग्राभेल सडकले छुने जग्गाहरु	२६२५००
	ग	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका कच्ची सडकले छुने जग्गाहरु	२१००००
	२	माथि उल्लेखित बाहेकका सडकले नछुने खेती योग्य जग्गाहरु	१५७५००
	घ	**बगर क्षेत्र**	
	१	खोलाधार सामान्य खेती योग्य जग्गाहरु	५२५००
	२	बालुबुर्जा भएको जग्गाहरु	२६२५०
		सावित्र वार्ड नं. ९	**प्रति कट्ठा रु.**
	क	**व्यापारिक क्षेत्र**	
	१	लोकमार्गले छुने जग्गाहरु	३१५००००
	ख	**आवसीय क्षेत्र**	
	१	पक्की सडकले छुने जग्गाहरु	१२६००००
	२	चिया दोकान उत्तर राजेन्द्र दाहालको घर सम्मको दाया बायाका जग्गाहरु	१२६००००
	३	ओमदवका मार्ग हुदै दिप लाल धिमालको घर सम्मका दाया वायाका जग्गाहरु	८४००००
	४	चिया बगान हुदै उत्तर शान्ति चौक सम्म ग्राभेल सडकले छुने जग्गाहरु	५२५०००
	५	लोकमार्गसंग जोडिने पूवाञ्चल उच्च मा.वि. जाने बाटो सम्म र केन्द्र प्रसाईको प्लटिङ्गका जग्गाहरु	८४००००
	६	माथी उल्लेखित बाहेक ग्राभेल सडकले छुने जग्गाहरु	५२५०००
	७	माथी उल्लेखित बाहेक कच्ची सडकले छुने जग्गाहरु	३१५०००
	ग	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका बाटो नभएका खेति योग्य जग्गाहरु	२१००००

दमक नगरपालिका

		सविक वार्ड नं. १६	**प्रति व.मि. रु.**
	क	**व्यापारिक क्षेत्र**	
	१	लोकमार्ग कृष्ण मन्दीर चौक देखी मावा पुल सम्मका जग्गाहरु	६१९५
	ख	**आवसीय क्षेत्र**	
	१	लोकमार्ग दाहाल प्रतिष्ठान जाने सडक देखी कृष्ण मन्दीर चौक सम्मका जग्गाहरु	४०४५
	२	कृष्णमन्दिर-अर्नाखाडी सडक र तारावारी चौक दक्षिण चक्रपथ हुदै पिगलेट फारम सम्मको जग्गा	१५५०
	३	माथि उल्लेखित वाहेक ग्राभेल सडकले छुने जग्गाहरु	७९०
	ग	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका अन्य कच्ची सडकले छुने जग्गाहरु	४७५
	२	माथि उल्लेखित बाहेकका अन्य खेती योग्य जग्गाहरु	३७०
	घ	**बगर क्षेत्र**	
	१	खोलाधार सामान्य खेतीहुने जग्गाहरु	२१०
	२	वगर क्षेत्रका जग्गाहरु	१६०
५		**सविक वार्ड नं. १०**	**प्रति व.मि. रु.**
	क	**व्यापारिक क्षेत्र**	
	१	दमक गणतन्त्र चोक देखि सगरमाथा पेट्रोल पम्प सम्मका लोकमार्गले छुने जग्गाहरु	२३२६०
	२	सगरमाथा पेट्रोल पम्प देखि दमक क्याम्पस मोड सम्मका जग्गाहरु	१५५१५
	३	गणतन्त्र चोक देखि वेलडाँगी रोड, नयाँ सब्जी लाईन जाने चौक सम्मका जग्गाहरु	१५५१५
	४	नयाँ सब्जी लाईन जाने चौक देखी रातो पुल सम्मका जग्गाहरु	१५५१५
	ख	**आवासीय क्षेत्र**	
	१	रातो पुल देखि मामा चोक सम्मका जग्गाहरु	७७४५
	२	ट्राफिक मार्ग, मंगलदिप मार्ग, गोर्खालीमार्ग पक्की सडकले छुने जग्गाहरु	६१९५
	३	भृकुटी चोक हुदै सगरमाथा पेट्रोल पम्पसम्मका जग्गाहरु	१०८७०

	४	क्याम्पस मोड देखी नारायण गोपाल मार्ग सम्मका दायाँ वायाँका जग्गाहरु	९२९३
	५	नारायण गोपाल मार्ग देखी नयाँ आम्दा चौक सम्मका दायाँ वायाँका जग्गाहरु	६१९५
	६	माथि उल्लेखित बाहेकका अन्य सहायक पक्की सडकले छुने जग्गाहरु	५२७७
	७	माथि उल्लेखित बाहेकका अन्य सहायक ग्राभेल सडकले छुने जग्गाहरु	३०९८
	८	माथि उल्लेखित बाहेकका अन्य सहायक कच्ची सडकले छुने जग्गाहरु	२४६८
	ग	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका सडक नभएका भित्री जग्गाहरु	१५५०
६		**साविक वार्ड नं. ११**	**प्रति व.मि. रु.**
	क	**व्यापारिक क्षेत्र**	
	१	लोकमार्गले छुने जग्गाहरु	२३२५८
	२	नमूना बजार, घिमिरे मार्केट, पुरानो सब्जी लाईन देखि पशुपति मार्ग हुदै गणतन्त्र चौक सम्मको जग्गाहरु	१५५१४
	३	फाल्गुनन्द चौक देखि पशुहाट सम्मका जग्गाहरु	१५५१४
	४	गणतन्त्र चोक देखि वेलडाँगी रोड, नयाँ सब्जी लाईन जाने चौक सम्मका जग्गाहरु	१५५१४
	५	नयाँ सब्जी लाईन जाने चौक देखी रातो पुल सम्मका जग्गाहरु	१५५१४
	६	फाल्गुनन्द चौक देखि भानु चौक र फाल्गुनन्द चौक देखि रातो पुल सम्मका जग्गाहरु	१५५१४
	७	गणतन्त्र चौक उत्तर थाना रोड हुदै मिसाल बजार सम्मका दायाँ वायाँका जग्गाहरु	१५५१४
	८	सन्तवीर लामा चोक देखि उत्तर अमीर लामाको घर हुदै बुद्धिशेखर भट्टराईको घर सम्मका जग्गाहरु	१०८४१
	९	रत्न चौक देखि देवकोटा चौकसम्म र शंखरधर चोक देखि भूकुटी चोक सम्मका दायाँ वायाँका जग्गाहरु	१०८४१
	ख	**आवासीय क्षेत्र**	
	१	भानु चौक देखि रातो पुल सम्मका जग्गाहरु	९२९३
	२	माथि उल्लेख बाहेकका अन्य पक्की बाटोले छुने जग्गाहरु	७७४४

दमक नगरपालिका

	३	माथि उल्लेख बाहेकका अन्य ग्राभेल बाटोले छुने जग्गाहरु	४६४६
७		**सावित वार्ड नं. १२**	**प्रति कट्ठा रु.**
	क	**व्यापारिक क्षेत्र**	
	१	न.पा. चौक देखि हनुमान मन्दिर सम्मका जग्गाहरु	५२५००००
	२	हनुमान मन्दिर देखि पशुहाट सम्मका जग्गाहरु	५२५००००
	३	न.पा. चौक हुदै पुर्व टेलिकम सम्म र निलकण्ठ रोड राधाकृष्ण मन्दिर चौक सम्मको दाँया वायाका जग्गाहरु	३१५००००
	ख	**आवासीय क्षेत्र**	
	१	माथि उल्लेख बाहेकका अन्य पक्की बाटोले छुने जग्गाहरु	२१०००००
	२	माथि उल्लेख बाहेकका रिडरोड देखि पश्चिम र अन्य ग्राभेल बाटोले छुने जग्गाहरु	१५७५०००
	३	माथि उल्लेख बाहेकका अन्य कच्ची सडकले छुने जग्गाहरु	१०५००००
	ग	**कृषि क्षेत्र**	
	१	माथि उल्लेख बाहेकका खेती योग्य जग्गाहरु	५२५०००
	घ	**बगर क्षेत्र**	
	१	खोलाधार सामान्य खेती योग्य जग्गाहरु	२१००००
	२	पूर्ण रुपमा खोला वगेको जग्गाहरु	७८७५०
८		**सावित वार्ड नं. १३**	**प्रति व.मि. रु.**
	क	**व्यापारिक क्षेत्र**	
	१	दमक हस्पिटल एण्ड रिसर्च सेन्टर पश्चिम दिपिनी पुल सम्मका लोकमार्गका जग्गाहरु	२३२५८
	२	लोकमार्गले छुने रतुवा पुल देखि दमक हस्पिटल एण्ड रिसर्च सेन्टर सम्मका जग्गाहरु	१५७५०
	३	हाईवे सेतुमारी मार्ग देखि नेपाल मार्केट, बिकाश मार्गको पश्चिम नेपाल मार्केट जोडने बाटो, शहिदमार्ग कन्चन डेरी सम्म र नयाँ बजार आसपासका जग्गाहरु	१२४०६
	४	बिकाशमार्गको माथीउल्लेखित स्थानबाट किरांत चौक सम्मका जग्गाहरु	९३०३
	ख	**आवसीय क्षेत्र**	
	१	नेपाल मार्केट देखी दिपीनी पुल सम्मका जग्गाहरु	९३०३
	२	शहिद मार्ग कंन्चन डेरी उद्योग देखी दिपेनी पुल सम्मका जग्गाहरु	९३०३

	३	किरांत चौक देखी भेषराज भण्डारीको सम्मका जग्गाहरु	७७४४
	४	नयां वजार पुर्व लक्ष्मी दुलालको घर हुदै जाने ग्राभेल सडक दक्षिण अम्वर नेपालको घर, मेची मिल सम्मको जग्गाहरु	९२९३
	५	साविक दमक ७ र मधुमल्ला ४ ङ भएका जग्गाहरु	३७२८
	६	माथि उल्लेखित बाहेकका अन्य सहायक पक्की सडकले जग्गाहरु	४६४६
	७	माथि उल्लेखित बाहेकका अन्य ग्राभेल सडक र प्लटिङ्ग सडकका जग्गाहरु	२१७९
	८	माथि उल्लेखित बाहेकका अन्य कच्ची सडकले छोएका जग्गाहरु	२०२१
	ग	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका खेती योग्य जग्गाहरु	१५४९
	घ	**बगर क्षेत्र**	
	१	खोलाधार सामान्य खेती हुने जग्गाहरु	४६७
	२	पूणबगर क्षेत्रका जग्गाहरु	२३६
		साविक वार्ड नं. १४	**प्रति व.मि. रु.**
	क	**व्यापारिक क्षेत्र**	
	१	लोकमार्गले छुने जग्गाहरु	१५५१४
	ख	**आवसीय क्षेत्र**	
	१	पक्की सडकले छुने जग्गाहरु	३१५०
	२	दिपिनी पुल देखी वगान नर्सरी सम्मका जग्गाहरु	४६४६
	३	वरगाछी चौक देखी हाईवे सेतुमारी बाटो सम्म र जेसीस मार्गको महेन्द्र सुव्वाको दाया वायाका जग्गाहरु	६१९५
९	४	क्याम्पस पुर्व जनरल कम्पनी क्षेत्र बिद्युत प्राधिकरण देखि उत्तरका प्लटिङ्ग तथा कच्ची सडकले छुने सबै जग्गाहरु	६१९५
	५	माथि उल्लेखित वाहेक अन्य सडकले छुने जग्गाहरु	३०९८
	ग	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका बाटो नभएका खेती योग्य जग्गाहरु	१२३४
	घ	**बगर क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका खोला धार सामान्य खेती हुने जग्गाहरु	३१०
	२	माथि उल्लेखित बाहेकका पुर्ण रुपमा खोला भएका जग्गाहरु	१५८

		सविक वार्ड नं. १५	**प्रति व.मि.रु.**
	क	**व्यापारिक क्षेत्र**	
	१	लोकमार्गले छुने जग्गाहरु	९२९३
	ख	**आवसीय क्षेत्र**	
	१	शान्ती मार्ग लक्ष्मी बरालको घर सम्मका दायाँ वायाँका जग्गाहरु	४६४६
	२	अन्य पक्की सडकले छोएका र चिया दोकान चौक दक्षिण लोकबहादुर धिमालको घर दायाँ वायाँ, लक्ष्मी बरालको घर दक्षिण बगान सम्मका दायाँ वायाँका जग्गाहरु	३१५०
	३	हाईवे सेतुमारी सगरमाथा चौक हुदै बुद्ध चौक सम्मका दायाँ वायाँ जग्गाहरु	१५४९
	४	माथि उल्लेखि बाहेकका अन्य ग्राभेल सडकले छुने जग्गाहरु	१०५०
	५	माथि उल्लेखि बाहेकका अन्य कच्ची सडकले छुने जग्गाहरु	६३०
	ग	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखि बाहेकका खेती योग्य सडकले नछुने जग्गाहरु	४७३
	घ	**बगर क्षेत्र**	
	१	खोलाधार सामान्य खेती हुने जग्गाहरु	२३६
	२	पर्णरुपमा खोला भएका जग्गाहरु	१५८
१०		**सविक वार्ड नं. १७**	**प्रति व.मि.रु.**
	क	**आवासीय क्षेत्र**	
	१	ग्राभेलवाटो छुने जग्गाहरु	३६८
	ख	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका कच्ची सडकले छुने जग्गाहरु	२६३
	२	माथि उल्लेखित बाहेकका खेती योग्य जग्गाहरु	१५८
	ग	**बगर क्षेत्र**	
	१	खालाधार सामान्य खेती हुने जग्गाहरु	१०५
	२	वगर क्षेत्रका जग्गाहरु	५३
		सविक वार्ड नं. १८	**प्रति व.मि.रु.**
	क	**आवासीय क्षेत्र**	
	१	सगरमाथा चौक दक्षिण हाईवे सेतुमारी सडकले छोएका जग्गाहरु	१२३४
	ख	**कृषि क्षेत्र**	

	१	माथि उल्लेखित बाहेकका ग्राभेल सडकले छुने जग्गाहरु	४६७
	२	माथि उल्लेखित बाहेकका कच्ची सडकले छुने जग्गाहरु	३१५
	३	माथि उल्लेखित बाहेकका खेती योग्य जग्गाहरु	२१०
	ग	**बगर क्षेत्र**	
	१	खोलाधार सामान्य खेतीका जग्गाहरु	१०५
	२	वगर क्षेत्रका जग्गाहरु	५३
		साविक वार्ड नं. १९	**प्रति व.मि. रु.**
	क	**आवसीया क्षेत्र**	
	१	हाईवे सेतुमारो सडकले छोएका जग्गाहरु	९१९
	ख	**कृषि क्षेत्र**	
	१	माथि उल्लेखित बाहेकका अन्य ग्राभेल सडकले छुने जग्गाहरु	४६७
	२	माथि उल्लेखित बाहेकका अन्य कच्ची सडकले छुने जग्गाहरु	३१५
	३	माथि उल्लेखित बाहेकका खेती योग्य जग्गाहरु	२१०
	ग	**बगर क्षेत्र**	
	१	खोलाधार सामान्य खेतीहुने जग्गाहरु	१०५
	२	वगर क्षेत्रका जग्गाहरु	५३

भौतिक संरचनाको मुल्यांकन तथा ह्रासकट्टी दर

सम्पती मुल्याङ्कन सम्बन्धि व्यवस्था

क्र.स.	भौतिक संरचनाको वर्गीकरण	ह्रासकट्टी दर प्रत्येक ५ बर्षमा	मुल्यांकन दर प्रति वर्गफिट
१	आर.सि.सि. स्ट्रक्चर	१०%	६३५
२	पक्का जोडाईमा टिन वा टायलको छाना	१०%	४५०
३	काठ वा टिनको बेरामा टिन वा टायलको छाना वा पक्का जोडाईमा काठको पटाई	१०%	२३०
४	काठ वा सेन्टर बेरा भै फुसको छाना	१०%	१२५
५	कच्चा बेरा वा खुल्ला भै टिनको छाना	१०%	९०
६	ढुङ्गा वा इटाको पर्खाल	१०%	५०

अनुसूची – २
दफा (२) सगँ सम्बन्धित
सम्पत्ति करको दर
राजश्व संकेत नं. ११३१३

करयोग्य मुल्यांकन रकम रु.		आ.व. २०८१।८२ को		
देखि	सम्म	दर	न्यूनतम रु.	अधिकतम रु.
१	५०००००	०.०२	१००	१००
५०००००	१००००००	०.०२	१००	२००
१००००००	२००००००	०.०३	२००	६००
२००००००	३००००००	०.०४	६००	१२००
